# स्थानीय राजपत्र


## जानकी गाउँपालिका द्वारा प्रकाशित

खण्डः ९ संख्याः ३ मितिः- २०८२।०७।३०


भाग-२

**जानकी गाउँपालिकाको**
**स्थानीय सार्वजनिक सवारी तथा यातायात व्यवस्थापन**
**नियमावली, २०८२**

प्रमाणीकरण मितिः- २०८२।०७।३०

**प्रस्तावना :-**

गाउँपालिका क्षेत्रभित्र सवारी साधनको प्रयोगलाई व्यवस्थित गर्दै स्थानीय सार्वजनिक यातायातको सवारी साधन दर्ता एवम् नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण तथा नियमन, रुट निर्धारण गर्न सवारी दुर्घटनाबाट पिडित पक्षलाई क्षतिपुर्ति दिलाउन, बीमा व्यवस्थापन गर्न तथा गाउँपालिकाको आय प्रवर्द्धन गर्न र समग्र साना सवारी यातायत क्षेत्रको व्यवस्थापन गरी सर्वसाधारणलाई सरल एवम् शुलभ यातायात सुविधा उपलब्ध गराउन र यातायात सेवालाई सुदृढ तथा प्रभावकारीका साथै मर्यादित बनाउन बाञ्छानीय भएकाले,

स्थानीय सार्वजनिक सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८१ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी जानकी गाउँकार्यपालिकाले यो नियमावली बनाएको छ।

**परिच्छेद-१**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यो नियमावलीको नाम **"जानकी गाउँपालिकाको स्थानीय सार्वजनिक सवारी तथा यातायात व्यवस्थापन नियमावली,२०८२"** रहेकोछ।

(२) यो नियमावली तुरुन्त लागू हुनेछ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलगेमा यस नियमावलीमा,

(क) **"कार्यपालिका"** भन्नाले जानकी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ख) **"अध्यक्ष"** भन्नाले यस जानकी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ग) **"उपाध्यक्ष"** भन्नाले यस जानकी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले यस जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) **"सवारी दर्ता"** भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा प्रदेश सरकार मातहतका निकायमा दर्ता भई यस गाउँपालिसका क्षेत्रभित्र प्रयोगमा ल्याएका साना सवारीसाधनलाई कुनै व्यक्ति, संस्था वा व्यवसायीद्धारा यस कार्यालयमा अभिलेखीकरण गर्ने बुझ्नु पर्दछ ।

(च) **"दर्ता अधिकारी"** भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्दछ ।

(छ) **"सवारी चलाउने क्षेत्र"** भन्नाले जानकी गाउँपालिका क्षेत्र सम्झनु पर्दछ ।

(ज) **"साना सवारी साधन"** भन्नाले गाउँपालिका क्षेत्रभित्र चल्ने **अटोरिक्सा, ई- रिक्सा, व्यवसायिक प्रयोजन पावर ट्रिलर तथा अन्य** तिन पाङ्ग्रे **सवारी साधन**लाई सम्झनुपर्छ ।

(झ) **"दर्ता प्रमाण पत्र"** भन्नाले साना सवारी साधन चलाउन पाउने इजाजत पत्र भन्ने सम्झनुपर्छ ।

(ञ) **"सवारी धनी"** भन्नाले सावरी दर्ताको प्रमाण पत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संसथा सम्झनुपर्छ ।

(ट) **"यातायात कार्यालय"** भन्नाले प्रदेश सरकार मातहतको यातायात व्यवस्था कार्यालय सम्झनु पर्दछ ।

(ठ) "**कार्यालय**" भन्नाले जानकी गाउँपालिकाको कार्यालय र गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु सम्झनुपर्छ ।

## परिच्छेद -२
## सवारी साधन दर्ता र नवीकरण सम्बन्धी व्यवस्था

३. **सवारी दर्ता गराउन निवेदन दिनुपर्ने :-** साना सावरी साधन खरिद गर्ने वा बिदेशबाट पैठारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा सवारी बिक्री वितरण गर्ने एजेन्टले खरिद गरेको वा पैठारी गरी नेपालभित्र भन्सार तिरी ल्याएको रसिद, बिल, प्रज्ञापनपत्र तथा तेस्रो पक्ष बीमा कागजत सहित गाउँपालिका क्षेत्रभित्र रहेका साना सवारी साधनको कार्यालयमा आफ्नो सवारी साधन दर्ताका लागि खरिद गरेको मितिले ३५ दिन भित्र **अनुसूची - १** बमोजिमको ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन दिई जानकी गाउँपालिकाको कर्यालयमा दर्ता गराउनुपर्नेछ ।

४. **सवारी दर्ता, नवीकरण सम्बन्धी प्रक्रिया :-** (१) नियम ३ बमोजिम दर्ता भएको निवेदन उपर छानबिन गरी सिफारिस गर्न तपसिल बमोजिमको सिफारिस समिति रहनेछः

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | - अध्यक्ष |
| (ख) अधिकृत स्तरको प्राविधिक कर्मचारी | - सदस्य |
| (ग) राजश्व शाखा प्रमुख | - सदस्य सचिव |

(२) उपनियम (१) बमोजिम समितिको सिफारिसका अधारमा राजश्व शाखा प्रमुखले अनुसुची-२ बमोजिमको ढाँचामा सवारी दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जारी गरिएको प्रमाणपत्र प्रत्येक बर्ष साना सवारी साधनहरुको नवीकरणका लागि अनुसूची-३ को ढाँचामा कार्यालयमा निवेदन दिई नवीकरण गराईसक्नुपर्नेछ तर पाँच बर्षसम्म लगातार नवीकरण नगरेमा स्वतः खारेज हुनेछ । निर्धारित समाय भित्र दर्ता/नवीकरण नगर्ने सवारी साधनलाई पहिलो ३ महिना भित्र थप दोब्बर र त्यसपछि तेब्बर दस्तुर लिई दर्ता गरिनेछ ।

(४) यस नियम बमोजिम दर्ता हुने साना सवारी साधानको दर्ता शुल्क, नवीकरण शुल्क तथा जरिवना दस्तुर जानकी गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

५. **सवारी दर्ता नम्बर :-** यस गाउँपालिकमा दर्ता भएका साना सवारी साधनहरुको दर्ता नम्बर जा.गा.पा. ०१-००१ ह ०१ बाट क्रमश शुरु गरिनेछ ।

६. **सवारी दर्ता नम्बर प्लेटः-** (१) साना सावरीको दर्ता नम्बर प्लेट नेपाल सरकारले तोके बमोजिमको मापदण्डमा नै तपसिल बमोजिम हुनेछ ।

(क) भाडा सवारी साधन भए कालो प्लेटमा सेतो अक्षर हुनेछ ।

(ख) निजि सवारी साधन भए रातो प्लेटमा सेतो अक्षर हुनेछ ।

(ग) सरकारी सवारी साधन भए सेतो प्लेटमा रातो अक्षर हुनेछ ।

(२) एक किसिमको सवारी साधनलाई अर्को किसिमको सवारी साधनमा बदल्नु परेमा नयाँ खरिद गरे सरह प्रक्रिया अपनाईनेछ ।

७. **सवारीको दर्ता मान्यताः-** (१) जानकी गाउँपालिकामा दर्ता भएको सवारी साधनलाई मात्र मान्यता दिईनेछ तर अन्य सरकारी निकायमा दर्ता भई यस कार्यालयमा सञ्चालनको लागि निवेदन दिन आएमा नयाँ दर्ता सरहको प्रक्रिया अपनाइ नम्बर कायम गरिदिनु पर्नेछ ।

(२) जानकी गाउँपालिकामा सवारी दर्ता नगरी गाउँपालिका क्षेत्रभित्र सावरी चालउन पाइनेछैन तर यातायात कार्यालयमा दर्ता भएको डिजेल, पेट्रोल र विद्युतीय पावरबाट चल्ने साना सवारी साधनको हकमा गाउँपालिकामा अनिवार्य रुपमा सूचीकृत भई नियम २० बमोजिमको बाटो इजाजत लिनुपर्नेछ ।

८. **ठाउँसारी वा नामसारी सम्बन्धी व्यवस्थाः-** (१) जानकी गाउँपालिकाको क्षेत्रमा सवारी ठाउँसारी गरी आउन वा अन्यत्र जान सहमति दिन सक्नेछ । ठाउँसारी सम्बन्धी प्रक्रिया नयाँ दर्ता सरह हुनेछ ।

(२) नामसारीको लागि नामसारी गराउनुपर्ने सवारी साधनको नवीकरण र नामसारी वापत आर्थिक ऐनमा तोकिएको शुल्क तिरी अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

९. **सवारी सूचीकृत किताबः-** गाउँपालिकाले आफ्नो अधिकार भित्र रहेका साना सवारी साधनहरको अभिलेखबद्ध गर्न अनुसूची-९ बमोजिमको ढाँचामा दर्ता/सूची किताब खडा गरी राख्नेछ ।

१०. **सवारी व्यवस्थापन समितिः-** (१) गाउँपालिका क्षेत्रभित्र सन्चालन हुने सवारी साधन सञ्चालन तथा व्यवस्थापन गर्न गाउपालिकामा देहाय बमोजिमको सवारी व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| **(क)** | गाउँपालिका अध्यक्ष | - संयोजक |
| **(ख)** | गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| **(ग)** | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| **(घ)** | पूर्वधार विकास समितिको संयोजक | - सदस्य |
| **(ङ)** | इलाका प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधी | - सदस्य |
| **(च)** | साना सवारी व्यवसाय समितिका प्रमुख वा प्रतिनिधी | - सदस्य |
| **(छ)** | प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी | - सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्न सक्नेछ र यस बैठकमा आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **समितिको काम, कर्तव्य र अधिकारः-** नियम १० बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सवारी व्यवस्थापनमा आवश्यक मार्गदर्शन गर्ने,

(ख) सवारी साधनको पार्किङ्ग स्थल तोक्ने,

(ग) भाडादर निर्धारण गर्ने,

(घ) सेवा क्षेत्र निर्धारण तथा कलस्टर अनुसार साना सवारी संख्या तोक्ने,

(ङ) गाउँपालिका भित्र सञ्चालन हुने सवारीको कोटा निर्धारण गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

## परिच्छेद – ३
## सवारी साधन प्रयोग सम्बन्धी व्यवस्था

**१२. सवारी साधनको रुट तोक्न सक्ने :-** (१) गाउँपालिकाको कार्यालयले सवारी साधनको आवागमनलाई व्यवस्थित गर्न विशेष क्षेत्र तोकी सवारी रुट  तथा सवारी आवतजावतको समय तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण गरिएको रुटमा सवारी साधन चलाउनु पर्ने व्यवस्था पालना नगर्नेलाई आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवना लिई कारवाही गरिनेछ ।

(३) सबै प्रकारका सवारी धनी तथा सवारी चालकले यातायात सवारी साधन ऐन, कानून, नियमावली र निर्देशिकाको अक्षरशः पालना गर्नु पर्नेछ ।

**१३. क्षमता भन्दा बढी यात्रु वा भार बोक्न नपाइने :-** (१) सवारी दर्ताको प्रमाण-पत्रमा लेखिएको सिट क्षमता भन्दा बढी यात्रु ओसरपसार गर्न पाईने छैन ।

(२) कुनै पनि किसिमका मालबाहक सवारी साधनले क्षमता भन्दा बढी लोडगरी मालसमान ढुवानी गर्न पाउने छैन ।

(३) उपनियम (१) र (२) को प्रतिकुल हुनेगरी सवारी साधन संचालन गरेमा आर्थिक ऐनममा तोकिए बमोजिम जरिवाना हुनेछ ।

**१४. ट्राफिक संकेतको पालना गर्नुपर्नेः-** चालकले सवारी चलाउँदा ट्राफिक संकेतको पालना गरी सवारी चलाउनु पर्दछ ।

**१५. सवारीको बीमा गराउनुपर्नेः-** सवारी धनी वा व्यवस्थापकले प्रत्येक सावरी तथा यात्रीको तेस्रो पक्ष बीमा अनिवार्य रुपमा गराउनु पर्नेछ ।

**१६. सवारी साधनको लगत कट्टाः-** दर्ता भएका सवारी साधन प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य कारणबाट सवारी साधन काम नलाग्ने गरी क्षतिग्रस्त भई सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले निवेदन दिन आएमा नवीकरण गर्न बाँकी भए नवीकरण दस्तुर बुझाउन लगाई सवारी साधनको लगतकट्टा गर्न सक्नेछ ।

**१७. जरिवाना सम्बन्धी व्यवस्थाः-** (१) यस नियामावली बमोजिम तोकिएको समयमा नयाँ दर्ता तथा नवीकरण नगरेमा जानकी गाउँपालिकाको आर्थिक ऐन बमोजिमको दरमा पहिलो १ महिना सम्मको अवधीको लागि १० प्रतिशत, दोस्रो महिना सम्मको अवधीको लागि २० प्रतिशत र सो भन्दा बढी अवधी समय नाघेमा शतप्रतिशत जरिवाना लाग्ने छ ।

(२) अन्य जरिवाना सम्बन्धी व्यवस्था ऐनको दफा ३५ मा उल्लेख भए बमोजिम लाग्नेछ ।

**१८. सडक सुरक्षा सम्बन्धी व्यवस्था :** गाउँपालिका क्षेत्रभित्रका सडकहरुको सुरक्षित तवरले प्रयोग गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । कुनै कावुबाहिराको परिस्थितिमा बाहेक जवरजस्ती वा अन्य कुनै मानवीय गतिविधिबाट वा हेलचेक्राईले सडक संरचना विग्रेमा सम्बन्धित सवारी धनीले सो सडक मर्मत गर्नु पर्नेछ ।

## परिच्छेद–४
## विविध

१९. **सवारी पास सम्बन्धी व्यवस्था :** गाउँपालिका क्षेत्रभित्र नचलाउना भनि तोकीएको कुनै विशेष समयमा सवारी चलाउनु परेमा गाउँपालिकाबाटै सवारी पास अनिवार्य लिनु पर्नेछ ।

२०. **मार्ग इजाजत तथा सवारी भाडाः-** (१) ऐन को दफा ९ बमोजिम मार्ग (बाटो) इजाजतको लागि जानकी गाउँपालिकाको आर्थिक ऐनमा तोके बमोजिमको दस्तुर सहित कार्यालयमा अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन उपर अधिकार प्राप्त अधिकारीले सवारी जाँचपास गरी अनुसूची-६ बमोजिमको ढाँचामा इजाजत दिईनेछ । र सवारी चलाउन पाउने क्षेत्र सवारी दर्ता वा नवीकरण गर्दाको समयमा माग बमोजिम तथा कार्यालयले जनताको सुबिधालाई मध्येनजर गर्दै उपलब्ध गराउनेछ ।

(३) सवारी भाडा सम्बन्धी व्यवस्था कार्यालयबाट गठन हुने कार्यदलको सिफारिस बमोजिम हुनेछ ।

२१. **पटके मार्ग इजाजतः-** (१) ऐन को दफा १२ बमोजिम पटके मार्ग इजाजतपत्रका लागि सवारी धनी वा व्यवस्थापकले विशेष कामका लागि मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य कुनै मार्गमा चलाउनु परेमा अनुसूची-७ बमोजिमको ढाँचामा पटके इजाजतपत्रको लागि निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आव्यक छानबिन गरी व्यहोरा उपयुक्त ठानेमा बढीमा ३ दिन सम्मको लागि निशुल्क र सो भन्दा बढी समय सम्मका लागि प्रति कि. मी. रु. १ का दरले दस्तुर लिई अनुसूची-८ बमोजिमको ढाँचामा पटके मार्ग इजाजतपत्र दिईनेछ ।

२२. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः-** तीन पाङंग्रे सवारी साधनबाट तेस्रो पक्षलाई पुग्न सक्ने हानी नोक्सानी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

२३. **चेक जाँच गरिने :** कार्यालयले गाउँपालिकाको जुनसुकै क्षेत्रमा स्थानीय प्रशासनसँग समन्वय गरी सवारी साधन छड्के चेकजाँच गर्दा यस नियामावलीमा भएका व्यवस्थालाई उलङ्घन गरेको पाईएमा आर्थिक ऐनमा तोकिए बमोजिम जरिवाना असुल उपर गरिनेछ ।

२४. **यसै भएको बमोजिम मानिने :** (१) यस नियामावलीमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएका कुरामा यसै नियमावलीको ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ । साथै संघ र प्रदेश कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) गाउँपालिकाको सवारी साधन व्यवस्थापन सम्बन्धमा यस अघि गाउँपालिका वा गाउँ कार्यपालिकाको कार्यालयको समन्वयमा भएका सर्वपक्षीय भेला निर्णयहरु यसै नियामावली बमोजिम भएको मानिनेछ ।

## अनुसूची -१
## नियम ३ सँग सम्बन्धित
साना सवारी साधन दर्ताका लागि सवारीधनीले दिने निवेदन फारम

मितिः- २०..../......./.....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
जानकी गाउँपालिकाको कार्यालय,
दुर्गौली, कैलाली ।

**विषय :- साना सवारी साधन दर्ता सम्बन्धमा ।**

महोदय,

निम्नलिखित विवरण बमोजिम कागजात संलग्नगरी यस गाउँपालिकाको कार्यालयमा साना सवारी साधन दर्ता का लागी यो निवेदन पेश गरेको छु/छौ । पेश गरेको विवरण ठिक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला । श्रीमानको जो आदेश ।

१. सवारी धनीको नामः-
२. ठेगानाः-
३. सवारीको किसिमः-
४. सवारी निर्माण कम्पनीको नामः-
५. सवारी बनेको सालः-
६. मोडेल नं. :-
७. सिलिण्डर संख्याः-
८. चेचिस नं.
९. हर्ष पावर (सि. सि.)
१०. सवारीको रंगः-
११. सवारी सिट संख्याः-
१२. पेट्रोल/डिजेल/ब्याट्रीः-
१३. खरिद भै आएको व्यक्ति वा फर्मको नामः-
१४. खरिद गरेको मितिः-
१५. भन्सार तिरेको प्रमाणः-
१६. सावरी खरिद गरेका बिल प्रमाणहरुः-
१७. प्रयोगः-
१८. चलाउने क्षेत्रः-
१९. बीमा कम्पनी/जारी मिति/ अन्तिम मितिः-
२०. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीः-
२१. पासपोर्ट साईजको फोटो थान-२ प्रति

**निवेदकः-**
नामः ....
ठेगानाः-
सम्पर्क नं. ..................

**अनुसूची – २**

**नियम -४ को उपनियम (२) सँग सम्बन्धित**

**साना सवारी दर्ता प्रमाण – पत्र**

<table>
<tr><td colspan="2" align="center">"शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पूर्वधारः पहिचान सहितको जानकी विकासको मूल आधार"<br>जानकी गाँउपालिका<br>गाँउ कार्यपालिकाको कार्यालय, दुर्गौली, कैलाली<br>सुदुरपश्चिम प्रदेश नेपाल<br><u>साना सवारी दर्ता प्रमाण-पत्र</u></td></tr>
<tr><td>सवारी साधनको दर्ता नं. :<br><br>सवारी साधनको किसिम :<br><br>सवारी साधनको ईन्जिन नं. :<br><br>सवारी साधनको चेसिस नं. :<br><br>सवारी साधनको सिट क्षमताः<br><br>बिमा अवधीः</td><td>सवारीधनीको फोटो<br><br>सवारी धनीको नाम :<br><br>सवारी धनीको ठेगाना :<br><br>सवारी धनीको नागरिकता नं.<br><br>सवारी साधन दर्ता मितिः<br><br>वहाल रहने अवधीः</td></tr>
<tr><td colspan="2">..................   ....................   ...................   ........................<br>सवारी धनीको हस्ताक्षर   पेश गर्नेको हस्ताक्षर   रुजु गर्नेको हस्ताक्षर   प्रमाणित गर्नेको हस्ताक्षर<br><br>नोटः- यो प्रमाण-पत्र हराएको कसैले भेटाएमा जानकी गाउँपालिकाको कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध छ ।</td></tr>
</table>

जानकी गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय, दुर्गौली, कैलाली

सुदुरपश्चिम प्रदेश नेपाल

# नामसारी भएको

मितिः-......................

(सवारी धनीको फोटो)

१. नाम, थरः-

२. वतनः-

३. विस्तृत विवरणः-

| ................................ | .............................. | .................................. |
|---|---|---|
| सावरी धनीको हस्ताक्षर | पेश गर्नेको हस्ताक्षर | प्रमाणित गर्नेको हस्ताक्षर |

**जानकी गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय, दुर्गौली, कैलाली**
**सुदुरपश्चिम प्रदेश नेपाल**
**सवारीको विस्तृत विवरण**

१. कम्पनीको नामः-

२. सवारीको मोडेलः-

३. बनेको सालः-

४. सिलिण्डर संख्याः-

५. हर्ष पावर सि.. सि.

६. च्यासिन नम्बरः-

७. इन्जिन नं.

८. सवारीको रङ्गः-

९. चालक सहित सिट संख्याः-

१०. पेट्रोल, डिजेल, विधुतीय पावरः-

११. रेडियो छ, छैनः-

१२. खरीद भै आएको मानिस वा कम्पनीः-

१३. प्रयोगः-

१४. चलाउने इलाका, क्षेत्रः-

१५. भन्सारको निस्साः-

| **प्रमाण-पत्र नवीकरण तथा बाटो इजाजत विवरण**<br>**सवारी नम्बरः-** | | | | |
|---|---|---|---|---|
| **नवीकरण गरेको मिति** | **म्याद पुग्ने मिति** | **बीमा समाप्त हुने मिति** | **चलाउने क्षेत्र** | **प्रमाणित गर्ने अधिकृतको हस्ताक्षर** |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| **सवारी जाँचेको** | | |
|---|---|---|
| जाँचेको मिति | म्याद पुग्ने मिति | जाँच्ने अधिकृतको सही |
| | | |
| | | |
| | | |
| | | |

सवारी धनीले ध्यान दिनु पर्ने कुराहरुः-

१. करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक बर्षको चैत्र मसान्त सम्ममा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद भित्र बुझाई सक्नुपर्नेछ अन्यथा कानून बमोजिम जरिवाना लाग्नेछ ।

२. प्रमाण-पत्र हराएमा, नासिएमा वा चोरिएमा सावरी धनीले सो कुरा उल्लेख गरी सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सवारी दर्ता रहेको कार्यालयमा १५ दिन भित्र निवेदन दिनुपर्नेछ ।

३. सवारी नम्बर प्लेट राख्दा सार्वजनिक सवारी भएमा कालो प्लेटमा सेतो अक्षर हुनुपर्छ ।

४. यो प्रमाण-पत्र हराई कसैले पाएमा जानकी गाउँपालिकाको कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु होला ।

५. यस कार्यालयको स्वीकृत नलिई दर्ता प्रमाण-पत्रमा उल्लेख भएको कुरा फरक पर्ने गरी सवारीको किसिम, सिट, क्षमता, रङ्ग, इन्जिन, चेचिस तथा अन्य पार्टपुर्जाहरु परिवर्तन वा हेरफेर गर्नुहुदैन ।

६. एक प्रयोजनको लागी दर्ता भएको सवारी अर्को निम्ति प्रयोग गर्न पाईनेछैन ।

७. सवारी साधनहरुको जाँचपास गराई बाटो इजाजत लिएर मात्र संचालन गर्नु पर्दछ ।

८. सवारी साधन कर तिर्नुपर्ने सवारीहरु नवीकरण गर्दा वा सोको प्रतिलिपी लिदा नामसारी गर्दा नम्बर परिवर्तन गर्दा सवारी साधन कर अध्यावधिक गरेको हुनुपर्छ । साथै नामसारी, नम्बर परिवर्तन, हेरफेर कार्य गर्दा सम्बन्धित सवारी धनीले सवारी साधन कार्यालयमा ल्याउनुपर्दछ ।

९. दर्ता भएको सवारी कुनै किसिमले नासिएमा वा काम नलाग्ने गरी सधैका लागी बिग्रिएमा वा सधेका लागि नेपाल बाहिर लगिएमा सवारी धनीले सो भएको मितिले ३० दिन भित्र दर्ता प्रमाण-पत्र साथै राखी सवारीको लगतकट्टा गर्न निवेदन दिनुपर्नेछ ।

१०. पाँच बर्षसम्म नवीकरण नगरिएमा स्वतः दर्ता खारेज हुने र दर्ता खारेज भएको सवारी नियमानुसार लाग्ने जरिवाना तिरी पुनः दर्ता (शुरु दर्ता) गराउनु पर्दछ ।

**अनुसूची -३**

(नियम- ४ को उपनियम (३) सँग सम्बन्धित)

**साना सवारी साधन नवीकरण आवेदनको ढाँचा**

मितिः- २०...../......./.....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

जानकी गाउँपालिकाको कार्यालय,

दुर्गौली, कैलाली ।

विषय :- सवारी साधन नवीकरण गरी पाऊँ ।

महोदय,

निम्नलिखित विवरण पेश भए बमोजिम जानकी गाउँपालिका कार्यालयमा दर्ता भएको साना सवारी साधन यस कार्यालयको नियमानुसार नवीकरण गर्न यो निवेदन पेश गरेको छु/छौं । पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउँला । श्रीमानको जो आदेश ।

१. सवारी धनीको नामः-

२. ठेगानाः-

३. सवारीको किसिमः-

४. सवारी निर्माण कम्पनीको नामः-

५. सवारी बनेको सालः-

६. मोडेल नं. :-

७. सिलिण्डर संख्याः-

८. चेचिस नं.

९. हर्ष पावर (सि. सि.)

१०. सवारीको रंगः-

११. सवारी सिट संख्याः-

१२. पेट्रोल/डिजेल/ब्याट्रीः-

१३. खरिद भै आएको व्यक्ति वा फर्मको नामः-

१४. खरिद गरेको मितिः-

१५. भन्सार तिरेको प्रमाणः-

१६. सावरी खरिद गरेका बिल प्रमाणहरुः-

१७. प्रयोगः-

१८. चलाउने इलाका/क्षेत्रः-

१९. बीमा कम्पनी/जारी मिति/ अन्तिम मितिः-

२०. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीः-

२१. पासपोर्ट साईजको फोटो थान-२ प्रति

**निवेदकः-**
नामः ..................
ठेगानाः- .............
सम्पर्क नं. ..................
मितिः-..................

**अनुसूची-४**
(नियम ८ को उपनियम (२) सँग सम्बन्धित)
**सवारी नामसारीको आवेदन ढाँच**

मितिः- ...........................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
जानकी गाउँपालिकाको कार्यालय,
दुर्गौली, कैलाली ।

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो एकलौटी हकभोग रहेको द. नं................... च्या. नं. ........... भएको अं. ................... नं. को ............................... लाई मैले/हामीले निम्नलिखित नाम, थर र ठेगाना भएको व्यक्ति/व्यक्तिहरुलाई किनाराका बिक्री गरी दिएको हुनाले उक्त सवारी दिंदा निजहरुको भागमा नामसारी गरी दिनुहुन अनुरोध गर्दछु/गर्दछौं । माथिको व्यहोरामा फरक पारी बिक्री गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

बिक्री/लिलाम/उपहार/बकस गरी दिनेको सही

नाम, थरः- ..................................
उमेरः- ..................
ठेगानाः- ..................
वडा नं. ......... टोलः- .....................
बाबु/आमाको नामः- .........................
बाजेको नामः- .................................

उल्लेखित व्यक्ति/फर्म/संस्थाबाट मैले/हामीले खरिद/लिलाम सकार/उपहार/बकस हकभोग कायम गरी लिएको हो यसमा कुनै फरक पर्नेछैन । फरक पारी लेनदेन गरेको हो भने सो नामसारी बदर भएमा कानून बमोजिम दण्ड सजाय परेमा सहन बुझाउन तयार छु/छौं ।

खरिद गर्ने/लिलाम सकार गर्ने/उपहार/बकस पाउनेको सही

नाम, थरः- ..................................
उमेरः- ..................
ठेगानाः- ..................
वडा नं. ......... टोलः- .....................
बाबु/आमाको नामः- .........................
बाजेको नामः- .................................

**पेस भएको कागजातहरुः-**

१. लिनेदिनेको नाम, ठेगानाः-
   क. दिनेको जिल्ला................................ नागरिकता प्र. प. नं. ............................
   ख. लिनेको जिल्ला.................................. नागरिकता प्र. प. नं. ...........................

२. सवारी आयकर तिरेको प्रमाणः-
   क. सवारी आयकर बुझाएको कार्यालयः- ..............................................................
   ख. मितिः- .....................................
   ग. अवधीः- ....................................

३. सार्वजनिक सवारी भए मार्ग/बाटो ईजाजत लिएको प्रमाण-पत्रः-
   क. दिने कार्यालयः- ..............................................
   ख. पाएको क्षेत्रः- ..................................................
   ग. पाएको मितिः- ...............................................
   घ. अवधीः- .......................................................

४. संस्था/फर्म कम्पनीको नाममा लेनदेन भएको भए सम्बन्धित
   क. कम्पनीको नामः- ..............................................
   ख. पदः- ..........................................................
   ग. पत्र संख्या, च. नं. ............................................
   घ. मितिः- .........................................................

५. वारेस नामा वा प्रतिनिधी तोकी आएकव भए सो पत्र, प्रमाणपत्र तथा नागरिकता वा परिचय पत्रको प्रमाणित प्रतिलिपीः-

६. नामसारीको लागि बुझाएको रसिद नं. ...............
   क. सवारी कागजात पत्र प्रमाण-पत्रः-

**सवारी जाँचको प्रतिवेदन व्यहोरा**

.........................................
सवारी जाँच्नेको सही

**कार्यालय प्रयोजनको लागि**

उपयुक्त बमोजिम लेनदेन मञ्जुरी गरी मेरो रोहवरमा गरी सनाखत गरेको र उल्लेखित कागजातहरु समेत पेस गरिसकेको हुँदा नामसारी गरिदिनहुन पेस गरेको छु ।

फाँटवालाको सहीः-
नामः- .....................................
पदः- ....................................
मितिः- .....................................

नामसारी सदर गर्ने प्रमाणित गरिदिने अधिकारी सहीः-
नाम, थरः- .........................................
पदः- ...............................
मितिः- ...........................

**अनुसूची-५**

(नियम २० को उपनियम (१) सँग सम्बन्धित)

मार्ग इजाजतपत्रको लागि दिने निवेदन

मितिः- ..............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
जानकी गाउँपालिकाको कार्यालय,
दुर्गौली, कैलाली ।

विषय :- मार्ग/बाटो इजाजतपत्र उपलब्ध गराई पाऊँ ।

यस जानकी गाउँपालिकामा दर्ता भई पञ्जीकृत रहेको निम्नानुसारको सवारीको लागि मार्ग इजाजतपत्र पाउन लाग्ने दस्तुर र आवश्यक प्रमाणपत्र राखी यो निवेदन पेश गरेको छु ।

१. सवारी धनीको नामः-
२. ठेगानाः-
३. सवारीको किसिमः-
४. सवारी निर्माण कम्पनीको नामः-
५. सवारी बनेको सालः-
६. मोडेल नं. :-
७. सिलिण्डर संख्याः-
८. चेचिस नं.
९. हर्ष पावर (सि. सि.)
१०. सवारीको रंगः-
११. सवारी सिट संख्याः-
१२. पेट्रोल/डिजेल/ब्याट्रीः-
१३. खरिद भै आएको व्यक्ति वा फर्मको नामः-
१४. खरिद गरेको मितिः-
१५. भन्सार तिरेको प्रमाणः-
१६. सावरी खरिद गरेका बिल प्रमाणहरुः-
१७. सवारी चालक वा कर्मचारी को विवरणः-
१८. सवारी चलाउने मार्ग इजाजतपत्र माग गरेको क्षेत्र वा मार्ग विवरणः-
१९. बीमा कम्पनी/जारी मिति/ अन्तिम मितिः-
२०. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीः-
२१. पासपोर्ट साईजको फोटो थान-२ प्रति

निवेदकः-
नामः .................
ठेगानाः- ............
सम्पर्क नं. ..................
मितिः-.................

**कार्यालय प्रयोजनको लागि**

**अनुसूची-६**

(नियम २० को उपनियम (२) सँग सम्बन्धित)

प. सं. .........

च. नं. .......... मितिः- ..............................

श्री...............................

....................................

**विषयः-** बाटो इजाजत सम्बन्धमा ।

प्रस्तुत बिषय सम्बन्धमा जानकी गाउँपालिकाको **"स्थानीय सार्वजनिक सवारी तथा यातायात व्यवस्थापन नियमावली,२०८२"** को नियम २० को उपनियम (२) बमोजिम तपाईलाई तपसिल बमोजिमको इलाका/क्षेत्रमा सवारी साधन चलाउन पाउने गरी यो इजाजत-पत्र प्रदान गरिएको छ । ट्राफिक नियमको पुर्ण पालना गरी सवारी साधन सञ्चालन गर्नुहोला ।

**तपसिलः**

१. स्थानः-................................देखि...............................सम्म

२. अवधीः-.........................................................................

**अनुसूची-७**

**(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)**

पटके मार्ग इजाजतपत्रको लागि दिने निवेदन

मितिः- ..............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
जानकी गाउँपालिकाको कार्यालय,
दुर्गौली, कैलाली ।

विषय :- पटके मार्ग/बाटो इजाजतपत्र उपलब्ध गराई पाऊँ ।

निम्न विवरण भएको सावरीलाई निम्न बमोजिको मार्गमा सवारी सञ्चालन गर्न पटके मार्ग इजाजतपत्र पाउनका लागि लाग्ने दस्तुर र आवश्यक प्रमाणपत्र राखी यो निवेदन पेश गरेको छु/छौं ।

१. सवारी धनीको नाम र ठेगानाः-

२. सवारीको दर्ता नं. र मितिः-

३. सवारीको किसिमः-

४. सवारीको मार्ग इजाजतपत्रको विवरणः-

(क) मार्ग इजाजतपत्र नम्बर र दिने कार्यालयः-

(ख) पएको स्थायी मार्गः

(ग) बहाल अवधीः-

५. पटके मार्ग इजाजतपत्र लिने क्षेत्रः-

६. पटके मार्ग इजाजतपत्र लिनु पर्ने कारणः-

७. पटके मार्ग इजाजतपत्र माग गरेको अवधीः-.........................देखि.....................सम्म

८. जाने आउने पटकः-

९. सवारि जाँचपास बहाल अवधीः-

१०. दस्तुर रकमः-

११. अन्य विवरणः-

निवेदकः-
नामः .................
ठेगानाः- ............
सम्पर्क नं. .................
मितिः-.................

**कार्यालय प्रयोजनको लागि**

**अनुसूची-८**

**(नियम २१ को उपनियम (२) सँग सम्बन्धित)**

पटके मार्ग इजाजत पत्र

प. सं. .........
च. नं. .......... मितिः- ..............................
श्री...............................
....................................

**विषयः-** पटके मार्ग इजाजत सम्बन्धमा ।

प्रस्तुत बिषय सम्बन्धमा जानकी गाउँपालिकाको **"स्थानीय सार्वजनिक सवारी तथा यातायात व्यवस्थापन नियमावली,२०८२"** को नियम २० को उपनियम (३) बमोजिम तपाईलाई तपसिल बमोजिमको इलाका/क्षेत्रमा सवारी साधन चलाउन पाउने गरी यो पटके इजाजत-पत्र प्रदान गरिएको छ । ट्राफिक नियमको पुर्ण पालना गरी सवारी साधन सञ्चालन गर्नुहोला ।

**तपसिलः**

१. स्थानः-...............................देखि..............................सम्म
२. अवधीः-..........................................................................

**अनुसूची-९**

(नियम ९ सँग सम्बन्धित)

**सवारी सूचीकृत किताब**

| क्र. सं. | दर्ता नं. | दर्ता मिति | सवारी धनीको नाम,थर | ठेगाना | मो. नं. | सवारीको प्रकार | दर्ता गर्नेको हस्तक्षर | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**आज्ञाले**
भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत